# स्थानिय तहको कृषि शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६

सिरानचोक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

# स्थानीय तहको कृषि शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६

## प्रस्तावना

सिरानचोक गाउँपालिकाको गाउँसभाले कृषि सेवा शिर्षक अन्तरगत राखेको वजेटलाई कृषि सेवा शाखा मार्फत संचालन हुने कार्यक्रमहरुलाई सुव्यवस्थित, सहज र बैज्ञानिक रुपमा सञ्चालन गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्थानीय तहको कृषिसेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६ स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र परिचय

यस कार्यविधिको नाम स्थानीयतहको कृषिसेवा शाखा बाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६ हुनेछ । कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिकाका" भन्नाले सिरानचोक गाउँपालिका सम्झनुपर्दछ ।

ख) "वडा" भन्नाले सिरानचोक गा.पा. मातहतका ८ वटै वडा सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले सिरानचोक गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ ।

घ) "समिति" भन्नाले प्रस्ताव मूल्याङ्कन समिति, अनुमोदन समिति र कृषि विकास/कृषिसेवा समिति सम्झनु पर्दछ।

ङ) "प्रथम पक्ष" भन्नाले सिरानचोक गाउँकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

च) "दोस्रो पक्ष" भन्नाले कृषक समूह/कृषि फर्म/कृषि सहकारी आदि लाई सम्झनु पर्दछ।

छ) "सुचना" सुचना भन्नाले गाउँपालिकाको कार्यलय बाट प्रकाशित सुचना सम्झनु पर्दछ।

ज) "शाखा" भन्नाले गाउँपालिकाको कार्यलयको कृषि सेवा शाखा सम्झनु पर्दछ।

३. कृषि शाखाबाट सँचालन हुने कार्यक्रमहरुको उद्धेश्य

क) गाउँपालकिा भित्रको समग्र कृषि बाली वस्तुहरुको क्षेत्रफल विस्तार तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

ख) बेरोजगार युवाहरुलाइ कृषि व्यवसायमा आकर्षण गरी कृषिको व्यवसायिकरणमा सहयोग पुऱ्याउने ।

ग) ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गरी कृषकहरुको आयस्तरमा सुधार गर्ने ।

घ) स्थानीय स्तरमा सम्भाव्य बालीहरुको व्यवसायिक उत्पादन, विविधिकरण र बजारीकरणमा सहयोग पुऱ्याउने ।

ङ) एक गाउँ एक उत्पादन कार्यक्रमको निम्ति कृषक समुदायलाई पकेट क्षेत्रको आधारमा ब्यवसायीकरण गराउने ।

### परिच्छेद २
### समिति सम्बन्धि ब्यवस्था

४. कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्नका लागि प्रस्ताव मूल्याङ्कन समिति देहाय बमोजिम गठन हुनेछ ।

सिरानचोक गाउँपालिकाको कार्यालय, घ्याल्चोक, गोरखा, गण्डकी प्रदेश नेपाल

राजु गुरुङ
अध्यक्ष

क) आर्थिक विकास समितिको संयोजक - अध्यक्ष
ख) गा.पा.अध्यक्षले तोकेको आर्थिक विकास समितिको १ जना सदस्य - सदस्य
ग) योजना वा प्राविधिक शाखाको प्रमुख - सदस्य
घ) कृषि सेवा शाखाको कर्मचारी - सदस्य
ङ) कृषि सेवा शाखाको प्रमुख - सदस्य सचिव

४.१ **मूल्याङकन समितिले निर्णय गर्दा लिइने आधारहरु :**

क) वडाको सिफारिस,
ख) वडा कार्यसमितिको वैठकको निर्णय,
ग) कृषि सेवा शाखाका कर्मचारीहरुले गरेको स्थलगत निरिक्षण प्रतिवेदन,
घ) लाभान्वित व्यक्ति वा फर्मको प्रस्ताव सहितको निवेदन,

५. कृषि/माछा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि मूल्याङ्कन समितिले छनौट गरेको प्रस्तावहरु अनुमोदन गर्नको निम्त्ती देहाय बमोजिमको समिति रहने छ ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
ख) उपाध्यक्ष - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) आर्थिक्र विकास समितिको संयोजक - सदस्य
ङ) कृषि सेवा शाखाको प्रमुख - सदस्य सचिव

५.१) प्रस्ताव मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्तावनाहरु उपयुक्तता र आवश्यकताको आधारमा निर्णय गर्नेछ ।

## परिच्छेद ३
## कार्यक्रम संचालन प्रकृया

६. **कृषि क्षेत्र विकास कार्यक्रम प्लाष्टिक घर निर्माण अनुदान**

६.१ प्लाष्टिक घर वितरण गर्नका लागि कम्तिमा पनि १५ दिने सुचना प्रकाशन गरी सिरानचोक गाँउपालिका कृषि विकास शाखा /प्रत्येक वडा कार्यलयहरु बाट माग संकलन गरिनेछ ।

६.२ प्लाटिक घर भित्र पहिलेबाट खेती गर्दै आएका कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

६.३ प्लाष्टिक घर निर्माण कार्यक्रममा छनौट भएका कृषकहरुले प्रथम पक्षले तोकेको मापदण्ड र समय सीमा भित्र कार्यसम्पन्न गर्नुपर्दछ ।

६.४ जि.आइ. पाइपबाट घर बनाउने व्यवसायिक कृषकहरुलाई प्लाष्टिक घर निर्माणमा विषेश प्राथमिककता दिईनेछ ।

६.५ प्राप्त निवेदनहरुलाई प्रस्ताव छनोट समितिले अनुमोदन समितिमा पेश गरी स्वीकृत आयोजनाहरु कृषि शाखाले कार्यान्यन गर्नेछ ।

६.६ प्लाष्टिक घर निमार्णका लागि प्रथम पक्षले र दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता गराइ सो बमोजिम कार्य अगाडि बढाउनु पनि सकिने छ ।

६.७ प्लाष्टिक घर निमार्णका लागि प्रथम पक्ष र दोस्रो पक्ष बीचको लागत साझेदारी ५० र ५० प्रतिशितको हुनेछ ।

६.८ प्लाष्टिक घर कम्तिमा ३ देखि ५ बटा भएको वा कम्तिमा ३ वटा घर निर्माणको लागि पुर्वाधार तयार व्यवसायिक कृषकलाई प्राथमिकता दिईने छ ।

सिरानचोक गाउँ कार्यपालिका
राजु गुरुङ
अध्यक्ष

७. कृषि यान्त्रिकरण कार्यक्रम

७.१ कम्तीमा १५ दिने सुचना प्रकाशन गरी आवेदन संकलन गरिनेछ ।

७.२ कृषि औजार उपकरणमा परल मुल्यको ७०% अनुदानमा उपलब्ध गराइनेछ ।

७.३ मेसीनरी औजार उपकरणमा व्यावसायिक समूह ,सहकारी, फर्मका कृषकहरुलाई प्राथमिकता दिईनेछ।

७.४ प्राप्त निवेदनहरुलाई प्रस्ताव छनोट समितिले अनुमोदन समितिमा पेश गरी अनुमोदन भएपछी कृषि विकाश शाखाले कार्यान्यिन गर्नेछ ।

७.५ प्रथम पक्षले दोस्रो पक्ष सँग आवश्यकता अनुसार सम्झौता बमोजिमपनि कार्य गर्न सकिने छ ।

७.६ मेसिन औजार उपकरण वितरण कार्यक्रम संगै तालिमको पनि व्यवस्था गर्न सकिने छ ।

८. मौरी घार वितरण

मौरी पालन भन्नाले मह मौरीजन्य बस्तुहरु,मौरीपालन,परिक्षण र मह प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरुको उत्पादन र विक्रि वितरण मह र मौरीजन्य बस्तुहरुको प्रशोधन गुणस्तर मापन प्रमाणीकरण र विदेश निकासी गर्ने सम्मका कार्यक्रम बुझाउछ ।

८.१ कम्तीमा १५ दिने सुचना प्रकाशन गरि निबेदन संकल नगरिने छ ।

८.२ मौरी घार वितरणमा परल मुल्यको ५०% सम्म अनुदानमा उपलब्ध गराइने छ ।

८.३ मौरी घार आवश्यकता हेरी गोला सहित अन्य औजार उपकरणहरु पनि ७०% उपलब्ध गराईनेछ ।

८.४ व्यावसायिक कृषकहरुलाई विषेश प्राथमिकता दिईनेछ ।(व्यवसायिक कृषक भन्नाले ३ देखि ५ घार मौरी पालन गर्ने कृषकलाई सम्झनु पर्दछ ।)

८.५ प्राप्त निवेदनहरुलाई प्रस्ताव छनोट समितिले अनुमोदन समितिमा पेश गरी अनुमोदन भएपछि कृषि विकाश शाखाले कार्यान्यिन गर्नेछ ।

८.६ प्रथम पक्षले दोस्रो पक्ष सँग आवश्यकता अनुसार सम्झौता पनि गर्न सकिनेछ ।

८.७ मौरीघार वितरण सगै कृषकहरुको आबश्यकता अनुसार तालिमको व्यवस्था पनि गर्न सकिने छ ।

९. विउ विजन सम्बन्धमा

९.१ बीउ वितरणका लागि कृषि विकाश शाखाबाट १५ दिने सुचना आव्हान गरी इच्छुक फर्म समूह र सहकारीहरुबाट आवेदन संकलन गरिनेछ ।

९.२ व्यवसायिक रुपमा खेती गर्ने कृषककहरुलाई विषेश प्राथमिकता दिइ ५०% अनुदानमा बीउ वितरण गरिनेछ ।

९.३ फिल्ड अनुगमनको जिम्मा वडा कार्यालयहरुको हुने छ ।

९.४ प्राप्त निवेदनहरुलाई प्रस्ताव छनोट समितिले अनुमोदन समितिमा पेश गरी अनुमोदन भएपछी कृषि विकाश शाखाले कार्यान्यिन गर्नेछ ।

९.५ जिल्ला स्थित रहेको कृषि ज्ञान केन्द्र गोरखामा सुचिकृित भएका जातका विउविजनहरु मात्र वितरण गरिने छ ।

१०. साना पकेट विकास कार्यक्रम

१०.१ लगभग ४० रोपनी देखि ८० रोपनी क्षेत्रफलमा कृषि गर्दै आएका फर्म/समूह/सहकारीहरुलाई एकिकृत गरी आबश्यकता अनुसार पकेट स्थापना गरिनेछ ।

१०.२ पकेट कार्यक्रम छनोटका लागि कम्तीमा पनि १५ दिने सुचना प्रकाशन गरिनेछ ।

१०.३ गाउँपालिका भित्रका प्रत्येक वडामा समेटिने गरी साना पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ।

राजु गुरुङ
अध्यक्ष

१०.४ साना पकेट विकास कार्यक्रममा कुल लागतको ५५% कार्यालय र ४५ प्रतिशत फर्म/समूह/सहकारीको साझेदारीमा हुनेछ ।

१०.५ पकेट विकास कार्यक्रममा व्यावसायिक कृषकहरुलाई विषेश प्राथमिकता दिईनेछ ।

१०.६ प्राप्त निवेदनहरुलाई प्रस्ताव छनोट समितिले अनुमोदन समितिमा पेश गरी अनुमोदन भएपछी कृषि विकाश शाखाले कार्यान्यिन गर्नेछ ।

१०.७ प्रथम पक्षले दोस्रो पक्ष सम्झौता गर्न सकिनेछ ।

## ११ विरुवा वितरण कार्यक्रम

११.१ विरुवा वितरणको लागि कम्तीमा पनि १५ दिने सुचना प्रकाशन गरि सिरानचोक गाँउपालिका प्रत्येक वडाहरु मार्फत कृषि विकास शाखाबाट बाट माग संकलन गरिनेछ ।

११.२ परल मूल्याको ५०% कार्यालय र ५० प्रतिशत कृषक/फर्म/समूह/सहकारीको साझेदारीमा हुनेछ

११.३ विरुवा वितरण कार्यक्रममा व्यावसायिक फर्म समुह,सहकारी का कृषकहरुलाई विषेश प्राथमिकता दिईनेछ ।

११.४ प्राप्त निवेदनहरुलाई आवश्यकता हेरी कृषि शाखाले विरुवा वितरण गर्नेछ ।

## १२ कृषक पाठशाला संचालन कार्यक्रम

१२.१ कृषक पाठशाला संचालन गर्नु अगाडी आ.ई.पि.एम. सहजकर्ता आई जनप्रतिनिधि,शाखा प्रमुख,कृषि प्राविधिक समेत स्थलमा गई गाँउपालिकाले निर्धारण गरेको क्षेत्रमा गठन भइसकेका वा नयाँ समुह गठन गरी २५ जनाको कृषक समुह छनौट गरी अन्तरक्रिया गोष्ठी संचालन गर्ने ।

१२.२ तरकारी खेतीमा पाठशाला संचालन गर्दा कम्तिमा ५०० वर्ग मि.जग्गाको छनौट गर्ने वा १ वटा प्लाष्ट्रिक टर्नेल भित्र पाठशाला संचालन गर्ने स्थानको निर्धारण गर्ने ।

१२.३ बाली अवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको १ दिन ५ घण्टा का दरले १६ हप्ता सम्म अध्ययन र तालिम संचालन गर्ने ।

१२.४ कृषक पाठशाला सहजकर्तालाई कक्षा संचालन गरे वापत भता प्रति दिन रु ८००।का दरले २ जनालाई र यातायात खर्च रु २०० । का दरले २ जना लाई दिईने छ ।

१२.५ हरेक बालीमा बाली नभित्रयाउदै अन्य कृषकहरुमा प्रविधि विस्तार गर्ने उदेश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरु समेत राखि कृषक दिवस मनाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह कार्यक्रम संचालन गर्ने ।

## १३ भकारो सुधार कार्यक्रम

१३.१ व्यवसायिक कृषिपालन गर्ने नमुना गाँउ /टोल निर्माण गर्ने गरी संचालन गरिने छ ।

१३.२. सम्भाव्यता अध्धयन प्रतिवेदनका आधारमा स्थान छनौट गरिने छ ।

१३.३ कम्तिमा प्रति घरधुरी ३ वटा कृषिपालन गरेको कृषक हुनु पर्ने छ ।

१३.४ भकारो सुधार गर्ने कृषकले दुई पक्षिय सम्झौता गरि कार्यक्रम सुचारु ग्रन पनि सकिने छ ।

१३.५ कृषकले आफ्नो गोठ बाट सहजै गहुँत संकलन गर्ने र भकारोमा छानाको व्यवस्था गर्नुपर्ने छ ।

१३.६ कार्य सम्पादन पश्चात प्राविधिक /वडा कार्यालयको सिफारिस पत्र ,भकारो सुधार गरिएको फोटो पेश गरे पछि भुक्तानी दिईने छ ।

१३.७ कार्यक्रम लागतमा ५० प्रतिशत रकम कार्यालय र ५० प्रतिशत रकम कृषक स्वयंम्ले लगानी गर्नुपर्ने छ ।

१३.८ शशर्त र स्थानिय तहको विनियोजित बजेट समेतको संलग्नतामा पनि कार्यक्रम संचालन गर्न सकिने छ ।

राजु गुरुङ
अध्यक्ष

१४. **साना सिंचाई कार्यक्रम**

१४.१ सानाे सिंचाई कार्यक्रम भन्नाले कम्तिमा ५० देखि २०० रोपनी सम्म सिँचित हुने गरि नेपाल सरकारको तर्फवाट बढीमा १,५०,०००।(अक्षरुपि एक लाख पचास हजार ) सम्मको अनुदान सहयोग र उपभोक्ताको समिति वाट लागत इस्टमेटको २० प्रतिशत लागत सहभागिता हुने गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

१४.२ साना सिंचाई अन्तगत कुलो, बाँध, पोलिथिन पाइप, ह्युम पाईप, प्लाष्ट्रिक पोखरी निर्माण, थोपा सिंचाई, स्प्रिङकल साना टंकि निर्माण गर्न सकिने छ ।

१४.३ निर्माण कार्य सम्पन्न गर्दा सम्झौता गरि संचालन गर्न सकिने छ ।

१४.४ कार्य सम्पादन पश्चात प्राविधिक /वडा कार्यालयको सिफारिस पत्र ,भकारो कार्यसम्पन्न अवधि भरका फरक फरक फोटो पेश गरे पछि भुक्तानी दिईने छ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याम्पेसाल, गोरखा गण्डकी प्रदेश, नेपाल

२०७६/११/०२

राजु गुरुङ
अध्यक्ष